आज मिति २०८० मंशिर २५ गते सोमबारका दिन मंगला गाउँपालिका गाउँ कार्यपालिकाको वैठक गाउँपालिकाका अध्यक्ष श्री सत प्रसाद रोकाज्यूको अध्यक्षतामा वसी तपशिल वमोजिमको उपस्थितिमा देहाय अनुसारको निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| अध्यक्ष श्री सत प्रसाद रोका | गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष श्री प्रेम कुमारी क्षेत्री | गाउँपालिका उपाध्यक्ष |
| सदस्य श्री एकजित रोका | मंगला-१ वडा अध्यक्ष |
| सदस्य श्री धन बहादुर खाती क्षेत्री | मंगला-२ वडा अध्यक्ष |
| सदस्य श्री याम बहादुर रोका | मंगला-३ वडा अध्यक्ष |
| सदस्य श्री लाल बहादुर रोका | मंगला-४ वडा अध्यक्ष |
| सदस्य श्री भुपेन्द्र खत्री क्षेत्री | मंगला-५ वडा अध्यक्ष |
| सदस्य श्री सरस्वती भट्टराई उपाध्याय | मंगला-२ वडा सदस्य |
| सदस्य श्री तिल कुमारी खत्री | मंगला-२ वडा सदस्य |
| सदस्य श्री भूमिसरा वुढाथोकी | मंगला-५ वडा सदस्य |
| सदस्य श्री टेक बहादुर किसान | कार्यपालिका सदस्य |
| सदस्य श्री शंकर शेरचन | कार्यपालिका सदस्य |

सचिव प्रमुख प्रशासकीय अधिकृत श्री शिवकुमार पौडेल,मंगला गाउँपालिका

**आमन्त्रीत**

सुदर्शन पौडेल (योजना शाखा प्रमुख )

राजेन्द्र आचार्य (सामाजिक विकास शाखा प्रमुख )

कृष्ण प्रसाद भुषाल (रोजगार शाखा प्रमुख)

भविलाल उपाध्या (लेखा शाखा प्रमुख )

मंगला गाउँपालिका ३१औं कार्यपालिका बैठकको प्रस्तावहरु:

१. गत बैठकको समीक्षा सम्बन्धमा ।

२. उद्यम विकास कार्यक्रमको क्षेत्र छनोट सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालित योजना छनौट सम्बन्धमा ।

४. सडक बोर्डको योजना छनौट सम्बन्धमा ।

५. लिजाको विवरण तयारी गर्ने सम्बन्धमा ।

६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २२ बुँदे सुझाव सम्बन्धमा ।

७. नागरिक आरोग्य केन्द्रको लागि कार्यालय सहयोगी भर्ना गर्ने सम्बन्धमा ।

८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विभिन्न पत्रहरूको सम्बन्धमा ।

९. सरकारी जग्गाहरूको लगत र लालपुर्जा लिने सम्बन्धमा ।

१०. विभिन्न भुक्तानीहरू दिने सम्बन्धमा ।

११. IEE को प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

१२. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्बन्धमा ।

१३. स्वास्थ्य तर्फको रकम बाँडफाड सम्बन्धमा ।

१४. नदिजन्य पदार्थ उत्खनन, बिक्री तथा व्यवस्थापनको लागि ठेक्का आह्वान गर्ने सम्बन्धमा ।

१५. ०७९/८० को अन्तिम लेखापरीक्षणको राय प्रतिक्रिया पठाउने सम्बन्धमा ।

१६. योजना तथा कार्यक्रमको सुपरिवेक्षण गरी सोको प्रतिवेदन पेश गरिएको (स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १६ बमोजिम) तथा योजनाको फरफारक गर्ने सम्बन्धमा ।

१७. भवन मर्मतका लागि आवश्यक बजेट व्यवस्थापन सम्बन्धमा ।

१८ पशु सेवा शाखा अन्तर्गत वितरण गरिने औषधीको सूचीकरण सम्बन्धमा ।

१९. आ. व. ०८०-८१ को प्रथम चौमासिक प्रगति समीक्षा सम्बन्धमा ।

२०. मोटरसाइकल खरिद कार्यको बोलपत्र प्रकाशन गर्ने सम्बन्धमा ।

२१. वडा स्तरमा मेलमिलाप कर्ता राख्ने सम्बन्धमा ।

२२. गाउँ शिक्षा समितिलाई पुर्णता दिने सम्बन्धमा ।

२३. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।

२४. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समिति गठन तथा मनोनयन गर्ने सम्बन्धमा।

२५. पेश्की जमानत र क्षतिपूर्ति असुल सम्बन्धमा ।

२६. पुल्चोक पिपलबोट पाँखु धारा सिर्कुम टिकावाङ मोटरबाटो स्तरउन्नती सम्बन्धमा ।

२७. विविध सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा गत मिति २०८०/०७/२१ मा बसेको कार्यपालिका बैठकको निर्णयका बारेमा छलफल तथा समीक्षा गरियो ।

राम प्रसाद रोका
अध्यक्ष

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व. ०८०/८१ मा उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमका लागि उद्यम विकास समितिको बैठकबाट निर्णय भई पेश भएका देहाय बमोजिमको वडा अन्तर्गतका क्षेत्रहरू छनोट गर्ने निर्णय गरियो ।

| क.सं | वडा नं | टोल | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | २, ३, ५ | | नयाँ उद्यमी सिर्जना | |
| २ | ३ | | स्तर उन्नति | |
| ३ | २ र ५ | | प्रविधि हस्तान्तरण | |

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व. ०८०/८१ का लागी प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राथमिकता क्रममा परेका सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी प्रदान गर्ने गरी नेपाल सरकार तर्फ बाट प्राप्त बजेट रकम रु. २८ लाख ७४ हजार तथा युवारुप तर्फबाट प्राप्त बजेट रकम रु २८ लाख ११ हजार मार्फत वडागत रूपमा देहायबमोजिम रकम बाडफाड गरी योजना छनोट तथा सञ्चालन गर्ने निर्णय गरियो ।

| क.सं. | वडा नं | सूचीकृत बेरोजगार संख्या | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | १ | १९४ | १२ लाख | |
| २. | २ | १४१ | १२ लाख | |
| ३. | ३ | ७६ | १० लाख | |
| ४. | ४ | २२१ | १० लाख | |
| ५. | ५ | ७१ | १२ लाख | |

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा सडक बोर्ड नेपालको च.नं. ४६८, मिति २०८०/०८/०१ को पत्र मार्फत आ.व. २०८०/०८१ को बजेट स्वीकृति सम्बन्धमा स्थानीय सडक मर्मत सँभार कार्यको लागि बजेट उपशीर्षक नं. ३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०८०/०७/२१ को निर्णयानुसार रु. २१०००००।— (अक्षरुपी एक्काइस लाख मात्र) बजेट स्वीकृत भई आएकोले सो रकम मार्फत थाइवाङ हिदी सडक खण्डको योजना छनोट गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २०१, मिति २०८०/०८/०८ को पत्र मार्फत गत आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको कार्य चालु आ.व. २०८०/०८१ को पौष मसान्त भित्र सम्पन्न गरी प्राप्त नतिजालाई सफ्टवेयर प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाउन अनुरोध भई आएकोमा सो अनुरूपको कार्य सम्पन्न गर्न आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाण्डौंको च.नं. २२३३१, मिति २०८०/०७/१५ को २२ बुँदे सुझाव कार्यान्वयन सम्बन्धी पत्रको बारेमा छलफल

भयो । साथै सो सम्बन्धमा आयोगबाट निर्णय भएको उक्त सुझावहरूलाई कार्यान्वयन गरी सो को जानकारी समयमानै आयोगमा पठाउने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं ७ माथि छलफल गर्दा मंगला गाउँपालिका वडा नं २ वावियाचौरमा रहेको नागरिक आरोग्य केन्द्रको लागि कार्यालय सहयोगीको पद रिक्त हुन गई सेवा प्रवाहमा समेत असहज परिस्थिति सिर्जना हुन गएकोले नागरिक आरोग्य केन्द्रको लागि करार सेवामा कार्यालय सहयोगीको भर्ना प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं ८. प्रस्ताव नं ८ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट विभिन्न मितिमा यस कार्यालयमा प्राप्त पत्रहरूको सम्बन्धमा बैठकमा छलफल भयो । आ.व. ०७३।७४ देखि हाल सम्मका आबका पुराना लेखा सम्बन्धी स्रेस्ताहरू खोजी प्रतिलिपि तयारी गरी पत्रको जवाफ समयमा नै पठाउनु हुने कर्मचारीहरूलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं ९. प्रस्ताव नं ९ माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको प्रमुख नेतृत्वमा सरकारी जग्गाहरूको लगत र लालपुर्जा लिने सम्बन्धमा मालपोत कार्यालय, वेनी, म्याग्दी । नापी कार्यालय, वेनी, म्याग्दी । प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, पोखरा । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौ र अन्य सरोकारवाला मन्त्रालय तथा विभागमा भ्रमणमा गई आवश्यक जानकारी लिने र प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं १०. प्रस्ताव नं १० माथि छलफल गर्दा आ.व. ०८०/८१ मा सम्पन्न देहाय बमोजिमका कार्यक्रमहरूको भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | सञ्चालित क्रियाकलाप (शीर्षक) | भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

निर्णय नं ११. प्रस्ताव नं ११ माथि छलफल गर्दा IEE को प्रतिवेदन पारित गर्ने सम्बन्धमा छलफल गर्दा Rural Infrastructure Development And Research Consultant निकायबाट पेश हुन आएको IEE को प्रतिवेदन माथि छलफल भइ अन्तिम रूप दिन कार्यालयका प्राविधिक कर्मचारी सब इन्जिनियर र एसिष्टेन्ट इन्जिनियरलाई प्रमुख प्रशासकीय अधिकृतले तोके अनुसार कार्य जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं १२. प्रस्ताव नं १२ माथि छलफल गर्दा आजको मितिमा बसेको गाउँ शिक्षा समितिको बैठकको निर्णय अनुसार पेश हुन आएको गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता यही मिति

२०८०/०९/१५ देखि ०९/१७ सम्म मंगला-५, कैलाशफाँट पिपलबोट म्याग्दीमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं १३. प्रस्ताव नं १३ माथि छलफल गर्दा मंगला गाँउपालिकाको आ.व. ०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका चालू खर्च औषधी खरिद कार्यक्रममा विनियोजित रकम रु. १२,५०,०००।- अक्षरुपी बाह लाख पचास हजार रुपैयाँ बाट पालिका अन्तर्गत रहेको नागरिक आरोग्य केन्द्रको लागी अति आवश्यक औषधी खरिद गर्नुपर्ने माग भएकोले रु २,५०,०००।(अक्षरुपी दुई लाख पचास हजार रुपैयाँ) सोही विनियोजित रकमबाट बाँडफाड गर्ने निर्णय गरियो।

निर्णय नं १४. प्रस्ताव नं १४ माथि छलफल गर्दा IEE मा उल्लेख भए अनुसार पालिका क्षेत्रको ढुङ्गा गिट्टी बालुवा प्रचलित कानुन अनुसार ठेक्का प्रक्रिया गरी बिक्री वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं १५. प्रस्ताव नं १५ माथि छलफल गर्दा आ.व. ०७९।८० को महालेखा परीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण बैठकमा प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नु भयो । उक्त लेखापरीक्षण प्रतिवेदनको राय प्रतिक्रिया पठाउनु पर्ने भएकोले आर्थिक प्रशासन शाखा प्रमुखलाई उक्त प्रतिक्रिया समय सीमामा नै पठाउने र गत विगत आ.व, हरुका बेरुजू फछ्यौंटको लागि क्रियाशिल भएर लाग्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १६. प्रस्ताव नं १६ माथि छलफल गर्दा योजना तथा कार्यक्रमको सुपरिवेक्षण गरी सोको प्रतिवेदन पेश गरिएको (स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १६ बमोजिम) गाउँपालिका उपाध्यक्ष श्री प्रेम कुमारी खत्री क्षेत्रीले पेश गर्नु भएको अनुगमन प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं १७. प्रस्ताव नं १७ माथि छलफल गर्दा यस गाउँपालिकाको पशु सेवा शाखा तथा कृषि शाखाको भवन व्यवस्थापनका लागि मंगला २ माटे बगरमा रहेको भवन मर्मत गर्नुपर्ने भएकोले प्राविधिक नाप जाँच तथा ईस्टिमेटको आधारमा आवश्यक पर्ने रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं १८. प्रस्ताव नं १८ माथि छलफल गर्दा आ.व. ०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशु सेवा शाखाबाट पशुपालक कृषकहरूलाई निःशुल्क वितरण गरिने ५० प्रकारका औषधीहरूको सूचीकरण गर्ने निर्णय गरियो ।यस मंगला गाउँपालिका पशु सेवा शाखाबाट कृषकमा वितरण हुने निःशुल्क औषधि निम्न अनुसार रहेको छ।

| क्र.सं. | सामानको नाम | क्र.सं. | सामानको नाम |
|---|---|---|---|
| 1 | Injection Enrofloxacin | 26 | Bolus Gutlite |
| 2 | Injection Peniclline | 27 | Powder N-Doxin |
| 3 | Injection Meloxicam | 28 | Powder Koxystat |
| 4 | Injection Meloxicam+paracetamol | 29 | Powder H.B Strong |
| 5 | Injection Conciplex | 30 | Powder Magnesium Sulphate |
| 6 | Injection Chlorpheniramine Mealeate | 31 | Powder Boric Acid |
| 7 | Injection Dexamethasone | 32 | Powder Potassium Permanganatew I.P |
| 8 | Injection Atropin Sulphate | 33 | Powder Sulfonamix |

शिवकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | सामानको नाम | क्र.सं. | सामानको नाम |
|---|---|---|---|
| 9 | Injection Redima | 34 | Powder Kelomel |
| 10 | Tab albendazole 200 MG | 35 | Powder Buffer Mast |
| 11 | Tab Praziquantel 200 MG | 36 | Cap Janova |
| 12 | Tab albendazole 600 MG | 37 | Solution Povidone-Iodine |
| 13 | Tab albendazole 1500 MG | 38 | Powder zyme with livertonic |
| 14 | Bolus Oxyclozanide+Levamisole | 39 | Solution Turpentine oil(T.T Oil) |
| 15 | Bolus Oxyclozanide+Ivermectin | 40 | Solution Timpanil |
| 16 | Tab Febendazole 150 MG | 41 | Solution Ciprofloxacin eye drop |
| 17 | Tab Oxyclozanide+Levamisole | 42 | Solution Bioliv Active |
| 18 | Solution Piperazine | 43 | Solution Kafnil |
| 19 | Solution Albendazole | 44 | Solution Uroplus |
| 20 | Bolus Doxycycline+Neomycin | 45 | Solution Cypermethrine 10% |
| 21 | Bolus Meloxicam | 46 | Ointment Brimax |
| 22 | Bolus Meloxicam+Paracetamol | 47 | Ointment Comaz BG |
| 23 | Bolus Tetracycline | 48 | Ointment Masticare |
| 24 | Tab Enrofloxacine 150 MG | 49 | Bolus Exapar |
| 25 | Bolus Cotrimoxazole | 50 | Bolus Sulphadiazine+Trimethoprim |

निर्णय नं १९. प्रस्ताव नं १९ माथि छलफल गर्दा गाउँपालिका अन्तर्गतका शाखा, ईकाइ तथा सम्बन्धित वडा कार्यालयहरूबाट पेश गरिएका आ. व. ०८०-८१ को प्रथम चौमासिक प्रगति प्रतिवेदनहरू माथि छलफल तथा समिक्षा गरियो ।

निर्णय नं २०. प्रस्ताव नं २० माथि छलफल गर्दा मोटरसाइकल खरिद कार्यको बोलपत्र आवाहन गर्ने निर्णय गरियो ।

निर्णय नं २१. प्रस्ताव नं २१ माथि छलफल गर्दा न्यायिक समितिको सचिवालय अन्तर्गत कानुनी मामिला इकाईमा आइपर्ने विवाद समाधानका लागि वडा स्तरीय मेलमिलाप कर्ता राख्ने सम्बन्धमा छलफल भई मेलमिलाप कर्ता राख्ने निर्णय गरियो ।

निर्णय नं २२. प्रस्ताव नं २२ माथि छलफल गर्दा शिक्षा ऐन, २०२८ को दफा १८ (ट) तथा मंगला गाउँपालिका शिक्षा ऐन, २०७५ को दफा ९ मा व्यवस्था भए बमोजिम गठित गाउँ शिक्षा समितिमा मनोनित सदस्य श्री नारायण अधिकारी हाल उक्त विद्यालयको वि.व्य.स. अध्यक्ष पदमा नरहेकोले श्री मंगला माध्यमिक विद्यालयका हालका वि.व्य.स. अध्यक्ष श्री परमानन्द विश्वकर्मालाई गाउँ शिक्षा समिति सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं २३. प्रस्ताव नं २३ माथि छलफल गर्दा झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा तपशिल बमोजिमका झोलुङ्गे पुल प्राथमिकताक्रमको आधारमा माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | पुलको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | हिलवाङ खोला झोलुङ्गे पुल | मंगला ५, कुर्शिम्ला | |
| २. | ठकान टाउका- गोबर टाउका झोलुङ्गे पुल | मंगला ५, पाँखु नेटा | १२० मि. भन्दा माथि |
| ३. | दावाकुना लाम्पाटा झोलुङ्गे पुल | मंगला २ र ५ जोड्ने | १२० मि. भन्दा माथि |
| ४. | झ्याप्रेखोला झोलुङ्गे पुल | मंगला ४ | |
| ५. | जुरेढुङ्गा खम्बाङ झोलुङ्गे पुल | मंगला ५ | |

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| ६. | उपल्लो बुकेनी देखि जुत्केल्ला झोलुङ्गे पुल | मंगला ४ | १२० मि. भन्दा माथि |
| ७. | महेश मौरिकुना- मुसुङ्ग झोलुङ्गे पुल | मंगला ४ र बे.न.पा ३ जोड्ने | |
| ८. | गोलपोल्ने डाँडा-सकल डाँडा झोलुङ्गे पुल | मंगला ४ | १२० मि. भन्दा माथि |
| ९. | भोर्लेनी खोला झोलुङ्गे पुल | मंगला- ३ | |
| १० | साम्टुङ मिल - आल्टा झोलुङ्गे पुल | मंगला- ३ | |
| ११. | नेवारे खोला झोलुङ्गे पुल | मंगला २ | |
| १२. | झाप्रेखोला-मङ्याङ झोलुङ्गे पुल | मंगला- २, हिदी | |
| १३. | आम्बोट- रणवाङ झोलुङ्गे पुल | मंगला-२, खहरेखोला | |
| १४. | दावाखेत-भाईवाङ्ग झोलुङ्गे पुल | मंगला- २ | |
| १५. | तल्लो हिदी- दुखु झोलुङ्गे पुल | मंगला-२ र मालिका-६ जोड्ने | १२० मि. भन्दा माथि |
| १६. | मजुवा खोला झोलुङ्गे पुल | मंगला-१ | |
| १७. | आर्भाङ-धनुमारे झोलुङ्गे पुल | मंगला-१ | |

**निर्णय नं २४.** प्रस्ताव नं २४ माथि छलफल गर्दा मंगला गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० पौष १५ देखि १७ गतेसम्म मंगला-५ कैलाशफाँट पिपलबोट म्याग्दीमा गर्ने निर्णय गरियो । साथै उक्त गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७०, परिच्छेद ३ (१०) बमोजिम गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं २५.** प्रस्ताव नं २५ उपर आवश्यक छलफल गर्दा यस कार्यालय र ओम बुद्ध ईन्टरनेशनल कन्स्ट्रक्सन कम्पनी बीच १० शैया अस्पतालको निर्माणको लागी ठेक्का नं MRM/NCB/WORKS/11/077/078 को लागी मिति २०७८/०३/०९ मा २ वर्षको लागी म्याद कायम गरि सम्झौता भएको र मिति २०७८/०३/१९ मा पेश्की रकम उपलब्ध गराईएकोमा हालसम्म पनि सो कार्यसम्पन्न नभएको तथा सम्झौताको GCC को ५७.३ बमोजिम ८०% समयावधी समाप्त भइसकेको र पेश्की रकम फछ्र्यौट नभएकोले सो कम्पनी ले पेश गरेको पेश्की जमानत बाट पेश्की रकम र पुर्व निर्धारित क्षेतिपुर्ति बापतको रकम असुल गरि यस कार्यालयको बिबिध खर्च खातामा जम्मा गर्ने र कार्य प्रगति अनुसार सोहि खाताबाट खर्च गर्ने र कार्यप्रगती नभई बजेट बाँकी रहेमा यसै आ.व मा संघिय संचित कोष मा फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं २६.** प्रस्ताव नं २६ माथि छलफल गर्दा नेपाल सरकारबाट समपुरक अनुदान रु. ८०,००,०००/- (असी लाख ) र गाउँपालिकाबाट रु. ८०,००,०००/- (असी लाख) गरी जम्मा रु. १,६०,००,०००/- (एक करोड साठी लाख) रकमबाट सञ्चालन हुने भनिएको पुल्चोक पिपलबोट पाँखु धारा सिर्कुम टिकाबाङ मोटरबाटो स्तरउन्नतोको काम शुरु गर्ने भनिएकोमा मंगला गाउँपालिकाको प्राविधिक सहितको टोलीबाट स्थलगत सर्वेक्षण गर्दा मंगला -५ पोक गाउँमा समुदायको माग र सडको मापदाण्ड वमोजिम काम गर्न भौगोलिक अवस्था कमजोर देखिएकोले माग वमोजिम कार्य गर्न असहज हुने भएकोले मोटरेबल पुलदेखि

निर्णय प्रमाणित

झोलुङ्गे पुलसम्म नयाँ डि.पि.आर. तयार गरेर मात्र योजना सञ्चालन गर्न उपयुक्त देखिएकोले कार्यालयमा यस अगाडि नै तयार गरिएको झोलुङ्गे पुलदेखि टिकावाङसम्मको मौजुदा डि.पि.आर. को आधारमा कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं २७. प्रस्ताव नं २७ माथि छलफल गर्दा देहाय बमोजिमको निर्णय गरियो ।

क) मंगला गाउँपालिका १ नं वडा कार्यालयको च. नं. ४६८, मिति २०८०/०८/०४ को पत्र अनुसार मंगला गा.पा. १ धनुभीरे निवासी श्री बालचन्द्र शर्माको २०८०/०७/२७ गते बिहान दुहुनो भैसी मरेको र निजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराउनको लागि सिफारिस पत्र प्राप्त भई आएकोले निज बालचन्द्र शर्मा लाई आर्थिक सहयोग वापत जम्मा रकम रु. १५,०००।(अक्षरुपी पन्ध्र हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

ख) सतुवामा पाईने औषधिय गुण तथा रासायनिक तत्वहरूको अनुसन्धान गरि यसको व्यावसायिक खेती गर्न कृषकहरुलाई प्रोत्साहन हुने अभिप्रायले कृषि तथा वन विज्ञान विश्वविद्यालय, बन विज्ञान संकाय, हेटौंडामा अध्ययनरत म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं ९ नेप्टेचौर निवासी श्री श्रीमन चोखालले आर्थिक अवस्था कमजोर भएकोले अनुसन्धान प्रस्ताव सहित आर्थिक सहयोगका लागि निवेदन पेश गरेकोमा निजको अध्ययन तथा अनुसन्धानमा सहयोग पुगोस् साथै यस पालिकाको क्षेत्रभित्रका सतुवा खेतीमा आबद्ध कृषकहरुले समेत सो अध्ययन अनुसन्धानबाट सकारात्मक लाभ लिन सक्नेछन् भन्ने उद्देश्यले निजलाई रु.१५,०००।- रकम सहयोग गर्ने निर्णय गरियो ।

ग) गाँउपालिका अन्तर्गतका मृगौला प्रत्यारोपण, डाईलाईसिस गरेका, क्यान्सर रोग निदान र मेरुदण्ड पक्षघात रोगबाट ग्रसित भएका बिरामीहरू लाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले परिपत्र गरे अनुसार मासिक रूपमा रु. ५,०००।(पाँच हजार) रुपैयाँ उपलब्ध गराउने व्यवस्था भए बमोजिम आ.व.२०८०:८१ को पहिलो चौमासिकमा वडा बाट सिफारिस भइ आएका जम्मा ग्रसित बिरामी ३० जनाको लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सोधभर्ना गर्ने साथै पहिलो चौमासिकको रकम पालिकाको आन्तरिक स्रोतबाट ग्रसित बिरामीलाई भुक्तानी गर्ने निर्णय गरियो।

घ) मंगला गाँउपालिका वडा नं ३ मा रहेको बरंजा स्वास्थ्य चौकीमा स्थायी अ.न.मी. सहायक पाँचौं पदमा कार्यरत कर्मचारी श्री रन्जना थापा (कर्मचारी संकेत नं २२०६२१) ले मिति २०७३/११/२३ देखी हालको मिति सम्म कार्यरत रहेको र मिति २०८०/०८/१९ को चिकित्सा शिंक्षा आयोगको छात्रवृत्ति तर्फ स्नातक नर्सिङ्ग विज्ञानमा छनौट भएकोले उच्च शिक्षा अध्ययनको लागी निजको अध्ययन बिदा स्विकृत गर्ने निर्णय गरियो।

ङ) मंगला गाउँपालिका वडा नं ५ टिकावाङ निवासी श्री रविलाल वि. क. को श्रीमती विष्णु वि.क. ले आफू अति विपन्न भएको र आर्थिक अभावको कारण खरले छाएको घरको छाना छाउन नसकी बस्दै आएको घर भत्किने अवस्था सिर्जना भई समस्यामा परेकोले आवश्यक सहयोग गरि दिनु हुन भनी वडा नं ५ को कार्यालयमा दिनु भएको निवेदन तथा वडा कार्यालयको सिफारीस पत्रको आधारमा अनुगमन गर्दा आर्थिक अवस्था कमजोर भई जिवनयापनमा समेत समस्या देखिएकोले सम्बन्धित वडाको प्राविधिकबाट तयार पारिएको लागत ईस्टिमेटको आधारमा निज श्री विष्णु वि. क. लाई उद्धार, राहत

तथा पुन स्थापना खर्च शीर्षकबाट सहयोग रकम रु. ३५,०००।- ( पैंतीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

च) मंगला गाउँपालिका वडा नं ३ खानी गाउँ निवासी श्री हरीकला रोकाको धन्सारमा मिति २०८०-०८-०२ गते आगलागी भई क्षति भएकोले राहत उपलब्ध गराइ दिनका लागि वडा नं ३ को सिफारिस पत्र साथै जिल्ला प्रहरी कार्यालय बेनी, म्याग्दी को च.नं. ५०९ मिति २०८०-०८-१७ र जिल्ला प्रशासन कार्यालय म्याग्दी बेनीको च.नं. ११६१, मिति २०८०-०८-१७ को मुचुल्काको आधारमा आगलागीबाट अन्नपात, लत्ताकपडा, भाँडाकुँडा लगायतका वस्तुहरू पुर्ण रूपमा जलेर नस्ट भएकोले निजलाई राहत स्वरूप आर्थिक सहयोग बापत जम्मा रकम रु. १५,०००।- (पन्ध्र हजार) उपलब्ध गराउने निर्णय गरियो ।

छ) मंगला गाउँपालिका वडा नं ४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट शीर्षक कृषि तथा भेटेरिनरी कार्यक्रम सञ्चालन खर्च तर्फ जम्मा रकम ६,००,०००।- (छ लाख) विनियोजन भएकोमा उक्त रकमबाट हाललाई रु. ५०,०००।- (पचास हजार) को भेटेरीनरी औषधी खरिद गर्ने निर्णय गरियो ।